# भानुभक्त आचार्यको द्विशत वार्षिक कार्यक्रमको प्रस्तावित रूपरेखा

१. **कार्यक्रमको नाम** : भानुभक्त आचार्यको द्विशत वार्षिक कार्यक्रम

२. **कार्यक्रम अवधि** : २०७० आषाढ २९ देखि २०७१ आषाढ २९ सम्म

३. **कार्यक्रम स्थल** : नेपाल र नेपाल बाहिरका नेपाली भाषा भाषी समुदाय बसोवास गर्ने सम्पूर्ण क्षेत्र

४. **कार्यक्रमहरूको प्रकृति**

**क) सार्वजनिक समारोह** : वि.सं २०७० मा मनाइने भानु जयन्तीलाई द्विशत वार्षिक समारोहको औपचारिक समुद्घाटन समारोहका रूपमा मनाउने र वर्षभरि नै विभिन्न प्रकृतिका सभा, सम्मेलन, गोष्ठी आदि आयोजना गर्ने, अन्तर्राष्ट्रिय स्तरमा नेपाली साहित्य सम्मेलन आयोजना गर्ने ।

**ख) कृति प्रकाशन/सम्पादन** : भानुभक्तका रचना र चित्र, भानुभक्त सम्बन्धी कृति, रचना, लेख, पत्रिका आदि प्रकाशन गर्ने तथा नेपाली भाषा, साहित्य र संस्कृतिसँग सम्बन्धित लेख रचनाहरूका सङ्ग्रह प्रकाशित गर्ने ।

**ग) अनुवाद योजना** : भानुभक्तका कृतिहरू नेपालका विभिन्न भाषा र विश्वस्तरका अन्य भाषामा अनुवाद गरी प्रकाशित गर्ने (भानुभक्तको रामायण हालसम्म हिन्दी, बाङ्ला, आसामी, मैथिली, भोजपुरीमा अनुवाद भई प्रकाशित भइ सकेको छ भने अवधीमा अनूदित रामायण प्रकाशनको प्रतीक्षामा छ । यसलाई नेपालका साहित्योन्मुख भाषा (नेवारी, लिम्बू, तामाङ, मगर, गुरुङ आदि) मा र अङ्ग्रेजी, रुसी आदि अन्तरराष्ट्रिय भाषाहरूमा अनूदित गर्न गराउन प्रयत्न गर्ने) ।

**घ) प्रतिमा स्थापना** : नेपालको राजधानी काठमाडौंमा र स्वदेश तथा विदेशका सार्वजनिक स्थलमा भानुभक्तका प्रतिमाहरू स्थापना गर्ने तथा विभिन्न ठाउँमा बनेका प्रतिमाहरूको संरक्षणको योजना बनाउने ।

**ङ) श्रव्य दृश्य सामग्री निर्माण** : भानुभक्तको जीवनी र कृतित्वसँग समबन्धित विविध पक्षमा आधारित रही चित्रकला, मूर्तिकला, गीति क्यासेट, वृत्तचित्र, लघु चलचित्र, बालचित्र आदि निर्माण गर्ने तथा यसअघि बनेका सामग्रीको प्रचार प्रसार गर्ने ।

**ङ) सम्मान** : भानुभक्तका नाममा विभिन्न संस्था, क्षेत्र, मार्ग आदिको नामकरण, पुरस्कार स्थापना र वितरण, हुलाक टिकट प्रकाशन गर्ने र भानुभक्तलाई विश्व सम्पदा सूचीमा समावेश गर्ने, भानुभक्तका विविध पक्षमा अध्ययन अनुसन्धान र सिर्जनामा संलग्न व्यक्तिहरू तथा भानुभक्त सम्बन्धी अन्य गतिविधिमा संलग्न व्यक्तिहरूलाई सम्मान गर्ने ।

**छ) जन्मस्थलको विकास** : भानुभक्त आचार्यको जन्मस्थल चुँदी रम्घालाई साहित्यिक तीर्थस्थल र पर्यटनको आकर्षक केन्द्रका रूपमा विकसित गर्नका निम्ति भानु जन्मस्थलमा बाटो, पानी, अतिथि भवन जस्ता पूर्वाधारको विकास, भानु गृहको पुनर्निर्माण, भानु स्मृति संङ्ग्रहालय, भानु उद्यान, भानुग्राम आदि निर्माण गर्ने । (भानु जन्मस्थलको विकासका निम्ति सरकारले भानु जन्मस्थल विकास समिति गठन गरी सरकारी अनुदानमा केही प्रारम्भिक कार्य अघि बढाएको भए तापनि यो कार्य द्रुत गतिमा अघि बढ्न सकेको छैन । यसका निम्ति

निजी क्षेत्रलाई पनि सहभागी बनाई सँगसँगै लैजानु आवश्यक छ । चुँदी रम्घामा सडक, बत्ती, पानी, आवास गृह जस्ता पूर्वाधरको विकासमा भने सरकारले नै ध्यान दिनु पर्दछ) ।

**च) नेपाली भाषा साहित्यको अध्ययन अनुसन्धान** : भानुभक्त आचार्य नेपाली भाषा साहित्यका प्रतिनिधि कवि भएका हुँदा सोही भावना अनुरूप नेपाली भाषा साहित्यका विविध पक्षमा योजनाबद्ध रूपमा कार्यक्रम सञ्चालन गर्ने ।

**ज) अध्ययन केन्द्र स्थापना** : भानुभक्तका नाममा अन्तर्राष्ट्रिय स्तरको अध्ययन केन्द्र स्थापना गरी भानुभक्त सम्बन्धी सामग्रीहरू र नेपाली भाषा, साहित्य र संस्कृति सम्बन्धी सामग्रीहरू सङ्ग्रह गर्ने साथै ती सामग्रीलाई विद्युतीय सञ्चार माध्यममा पनि पुऱ्याउने ।

**५. आयोजक संस्था**

क) माथि उल्लेख गरिएका कुनै वा सबै प्रकृतिका कार्यक्रम नेपाली भाषा, साहित्य, संस्कृतिसँग सम्बद्ध कुनै पनि संस्थाले आफ्नै सक्रियतामा सञ्चालन गर्न, गराउन सक्ने छन् ।

ख) कार्यक्रमलाई व्यवस्थित रूप दिन र व्यापक बनाउन सल्लाहकार सभा गठन गरिने छ ।

ग) कार्यक्रमलाई राष्ट्रिय तथा अन्तरराष्ट्रिय स्तरमा विस्तार गर्न सम्बद्ध संघ संस्था र व्यक्तिहरूको समेत सहभागिता रहने गरी हाललाई तयारी समिति र पछि मूल आयोजक समिति गठन गरिने छ ।

(घ) कार्यक्रमहरूको समन्वय भानु प्रतिष्ठानले गर्ने छ ।

अन्त्यमा, नेपाली भाषा, साहित्य र संस्कृतिका क्षेत्रमा क्रियाशील संस्थाहरूलाई द्विशत वर्षका अवसरमा सम्पन्न गर्ने कार्यक्रमहरू तर्जुमा गर्न र यस प्रतिष्ठान/तयारी समितिलाई जानकारी दिन भानु प्रतिष्ठान अनुरोध गर्दछ ।

कार्यालय : भानु प्रतिष्ठान, सिनामगल काठमाडौं (नेपाल नागरिक समाजको कार्यालयसँगै)
फोन सम्पर्क : ९८४१३३९२२५ (अध्यक्ष), ९८४१००८५८६ (महासचिव)
इमेल : Bhanupratisthan@gmail.com

## भानु प्रतिष्ठानको सक्रियतामा सञ्चालन हुने कार्यक्रमहरू

**क) सल्लाहकार सभा र तयारी समिति गठन** : द्विशतवार्षिक समारोहका अवसरमा आयोजना हुने कार्यक्रमलाई व्यवस्थित रूप दिन र व्यापक बनाउन सल्लाहकार सभा गठन गर्ने र कार्यक्रमलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा विस्तार गर्न तयारी समिति गठन गर्ने

**ख) सभा, सम्मेलन** : द्विशत वर्षमा वर्षभरि नै स्वदेश र विदेशमा सभा, सम्मेलन, गोष्ठी आदिको आयोजना गर्ने तथा कार्यक्रमहरूमा सहभागी हुने

**ग) प्रकाशन योजना**

अ) भानुभक्तका रचना सुलभ रूपमा प्रकाशन गरी प्रत्येक नेपालीका घरमा पुऱ्याउन प्रयत्न गर्ने,

आ) भानुभक्तको रामायण परम्परागत नेपाली शैली (मडुवा नेपाली कागत) र भानुभक्तकै हस्ताक्षर (कम्प्युटर फन्ट) मा प्रकाशन गरी भानुभक्त कालीन नेपाली लेखन संस्कृतिको प्रवर्द्धन गर्ने,

इ) भानुभक्तका जीवनीहरू र समालोचना सम्बन्धी महत्त्वपूर्ण कृतिहरूको विशेष संस्करण प्रकाशन गर्ने,

ई) भानुभक्त सम्बन्धी लेख रचनाहरू समावेश गरी वृहत्तर ग्रन्थ प्रकाशन गर्ने, अध्ययन परम्परा, स्मारक, चित्र प्रकाशन, गोष्ठी आदि गतिविधिको अद्यावधिक अभिलेख निर्माण गर्ने

उ) भानुभकतको चित्र अङ्कित लोगो, ब्याच, ब्रोसर आदि निर्माण र प्रकाशन

**ग) अनुवाद योजना** : भानुभक्तको रामायण र अन्य कृति नेपालका विभिन्न भाषा र विश्वस्तरका भाषामा अनुवाद गरी प्रकाशित गर्ने तथा पूर्वप्रकाशित कृतिहरूको विशेष संस्करण प्रकाशन गर्ने ।

**घ) स्मृति सङ्ग्रहालय स्थापना** : भानु प्रतिष्ठानले चुँदी रम्घाको पुरानो साहित्यिक संस्था भानु पुस्तकालयसँग सहकार्य गरी भानु स्मृति सङ्ग्रहालय स्थापना गर्ने प्रक्रिया प्रारम्भ गरेको छ र यस कार्यमा अन्य संस्था र व्यक्तिहरूको सहयोगको पनि अपक्षा गरेको छ ।

**ङ) अध्ययन केन्द्र स्थापना** : भानु प्रतिष्ठानले विभिन्न संस्थासँग सहकार्य गरी काठमाडौंमा भानुभक्त अध्ययन केन्द्र स्थापना गर्ने प्रक्रिया प्रारम्भ गरेको छ । यस केन्द्रलाई नेपाली भाषा, साहित्य र संस्कृति सम्बन्धी प्रकाशित/अप्रकाशित सामग्रहीरूको भण्डारका रूपमा विकसित गरिने छ र यसका माध्यमले नेपाली भाषा, साहित्य र संस्कृति सम्बन्धी सामग्रीहरूलाई विद्युतीय सञ्चार माध्यममा पुऱ्याउने र भानुभक्तका नाममा पुरस्कार स्थापना गर्ने र कृतिहरू प्रकाशन समेत गरिने छ ।

**ज) वेभ साइट विस्तार** : आजको युग विद्युतीय सञ्चारको युग भएको हुँदा विश्वभर छरिएका नेपालीहरूलाई अझ बढी एकताको सूत्रमा आबद्ध गर्न भानुभक्त र नेपाली भाषा साहित्यसँग सम्बन्धित सामग्रीहरू एकत्रित गरी प्रतिष्ठानले निर्माण गरेको वेभ साइड bhanupratisthan.org.np विस्तार गर्ने ।

**झ) कार्यक्रमहरूको समन्वय** : स्वदेश तथा विदेशमा आयोजना हुने भानुभक्त सम्बन्धी गतिविधिहरूको समन्वय गर्ने तथा तयारी समितिको सचिवालय र सम्पर्क कार्यलयको जिम्मेबारी लिने ।